का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २९४
❐ ३ पुस २०७८, शनिबार
❐ 18 December 2021, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily


राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

## कांग्रेस पदाधिकारी

# नयाँ अनुहार

नेपाली काँग्रेसको १४औं महाधिवेशनले सभापतिमा शेरबहादुर देउवालाई नै दोहोऱ्याए पनि पदाधिकारीमा भने नयाँ र आशालाग्दो पंक्ति निर्वाचित भएका छन् । सभापति देउवा र उपसभापति पूर्ण खड्का बाहेक ११ जना पहिलोपटक काँग्रेस पदाधिकारी बनेका छन् ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ पुस ।

नेपाली काँग्रेसको १४औं महाधिवेशनबाट सभापति शेरबहादुर देउवाको नेतृत्वमा १३ पदाधिकारी चयन गरेको छ । शुक्रबार दिउँसो सहमहामन्त्री पदको मतगणना सकिएसँगै १३ जना पदाधिकारी टुंगिएको छ । पदाधिकारीमा सभापति देउवा प्यानलकै बहुमत जुटेको छ ।

देउवाको प्यानलबाट पूर्ण खड्का उपसभापति निर्वाचित भए भने बाँकी पद सहमहामन्त्रीमा मात्रै निर्वाचित भए । एक उपसभापति र दुई महामन्त्रीमा देउवा प्यानलका उम्मेद्वार पराजित भएका थिए । देउवा प्यानलबाट महामन्त्रीमा रहेका डा.प्रकाशशरण महत र प्रदीप पौडेल पराजित हुँदा गगन थापा र विश्वप्रकाश शर्मा विजयी भए । थापा डा. शेखर कोइराला प्यानलबाट उम्मेद्वार बनेका थिए भने शर्मा प्रकाशमान सिंहको प्यानलका उम्मेद्वार हुन् ।

डा. शेखर कोइरालाको प्यानलबाट उपसभापतिमा धनराज गुरुङ निर्वाचित भए । उनले देउवा प्यानलका बिजय गच्छदारलाई दुई मतले पराजित गरेका थिए । आठ सहामन्त्री मध्ये देउवा प्यानलबाट पाँच जना निर्वाचित भए ।

देउवा प्यानलबाट महालक्ष्मी उपाध्याय डिना (महिला), भिष्मराज आङ्देम्बे (जनजाति), महेन्द्र यादव (मधेशी), फरमुल्ला मन्सुर (मुस्लिम) र किशोरसिंह राठौर (खसआर्य) क्लस्टरबाट समहामन्त्री निर्वाचित भए । कोइराला प्यानलबाट जीवन परियार (दलित) र बद्री पाण्डे (पीछडिएको क्षेत्र) बाट सहमहामन्त्री निर्वाचित भए । कृष्णप्रसाद सिटौलाको प्यानलबाट उमाकान्त चौधरी सहमहामन्त्री निर्वाचित भए । चौधरी थारु क्लस्टरबाट सहमहामन्त्री बने ।

– बाँकी पृष्ठ २ मा

# परामर्शमा प्रधानमन्त्री

नेकपा एमालेले गरिरहेको संसद् अवरोध हटाउने एमसीसी निर्णयार्थ पेश गर्न प्रधानमन्त्री शेरबहादुर देउवाले नेताहरुसँग परामर्श शुरु गरेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ पुस ।

प्रमुख विपक्षी दल नेकपा एमालेले गरिरहेको संसद् अवरोध हटाउन प्रधानमन्त्री शेरबहादुर देउवाले पहल लिने भएका छन् । नेपाली काँग्रेसको सभापतिमा दोस्रोपटक निर्वाचित प्रधानमन्त्री देउवाले संसद् अवरोध हटाउन सर्वदलीय बैठक बोलाउने तयारी गरेका छन् । बालुवाटार स्रोतका अनुसार, प्रधानमन्त्री देउवाले एमालेसँग परामर्श नै शुरु गरेका छन् ।

शुक्रबार प्रधानमन्त्री देउवाले सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' परामर्श गरे । एमालेसँग सहमति र सहकार्यबाटै संसद्को अवरोध अन्त्य गर्न सर्वदलीय बैठक बोलाउने निर्णयमा प्रधानमन्त्री देउवा र प्रचण्ड पुगेका छन् । संसद्को अवरोध खुलाउनेसँगै अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे पनि दलहरुबीच छलफल हुने भएको छ ।

प्रधानमन्त्री देउवा र प्रचण्डबीच ५५ अर्ब भन्दा बढीको एमसिसी सहयोग बारे पनि छलफल भएको थियो । एक नेताका अनुसार, प्रधानमन्त्री देउवा र प्रचण्ड एमसीसी संसदीय अनुमोदनको प्रक्रियामा लैजान तयार भएका छन् । प्रधानमन्त्री देउवाले संसद् अवरोध खुलाउने र एमसीसीबारे निर्णय लिन अर्का सत्ता साझेदार दल नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग पनि परामर्श गरेका छन् ।

सत्ता साझेदार दलहरुबीच परामर्श गरी आज र भोलि सर्वदलीय बैठक बोलाउने तयारी प्रधानमन्त्री देउवाले गरेका छन् । विवादित एमसीसीप्रति एमाले अध्यक्ष केपी शर्मा ओली भने लचक छन् । ओलीले यसअघि नै एमसीसी संसद्बाट अनुमोदन गराउने तयारीमा थिए । तर तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र विवाद हुँदा एमसीसी अगाडि बढ्न सकेन ।

नेकपा हुँदा एमसीसीबारे अध्ययन गर्न झलनाथ खनालको संयोजकत्वमा भीम रावल र प्रदीप ज्ञवाली रहेको कार्यदल नै बनेको थियो । तर कार्यदलमा पनि ज्ञवालीले एमसीसी अनुमोदनको पक्षमा रिपोर्ट तयार पारेका थिए भने खनाल र रावलले संशोधन नगरी अनुमोदन गर्न नहुने निष्कर्ष बुझाएका थिए ।

अहिले प्रधानमन्त्री देउवा त्यही एमसीसी र संसद् बैठक चलाउनेबारे परामर्शमा जुटेका छन् । एमालेले गएको २३ भदौदेखि संसद् अवरोध गर्दै आएको छ । एमालेको अवरोधकै बीच संशोधित

– बाँकी पृष्ठ २ मा

# 'भारतमा रहेका नेपाली श्रमिकलाई वैदेशिक रोजगारमा समेट्न नयाँ नीति आवश्यक'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले भारतमा रोजगारीमा रहेका नेपाली कामदारको समस्या सम्बोधन गर्न अलग्गै नीति आवश्यक रहेको बताएका छन् । अन्तर्राष्ट्रिय आप्रवासी दिवस, २०२१ को अवसरमा अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइओएम) द्वारा राजधानीमा शुक्रबार आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले भारतमा लाखौंको संख्यामा रहेका नेपाली कामदार आप्रवासीको हैसियतले रहेको तर वैदेशिक रोजगार ऐनले त्यसलाई समेट्न नसकेको भन्दै नयाँ नीति आवश्यक देखिएको बताए ।

नेपाल सरकारले आप्रवासी कामदारहरुको हितलाई केन्द्रमा राखेर विद्यमान वैदेशिक रोजगार नीतिलाई पुनरावलोकन गर्ने तयारी गरेको जानकारी दिँदै मन्त्री श्रेष्ठले वैदेशिक रोजगार नीति समय सापेक्ष बनाउन सरोकारवला र विज्ञहरुबाट सुझाव संकलन भइरहेको बताए । श्रम शक्ति अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको भन्दै मन्त्री श्रेष्ठले त्यसलाई उत्पादनमूलक र प्रतिस्पर्धी बनाउँदै वैदेशिक रोजगारीबाट आर्जित पुँजी, प्रविधि, सीप र अनुभवलाई परिचालन गर्ने सरकारको नीति रहेको बताए ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, सरल तथा प्रतिफलमुखी बनाउन सरकारले नीतिगत तथा संरचनागत सुधार गरिरहेको भन्दै मन्त्री श्रेष्ठले कोभिड-१९ महामारीका कारण अन्तर्राष्ट्रिय श्रम बजारमा नेपाली श्रमिकहरुले भोगेका बहुआयामिक समस्याको तत्काल सम्बोधन गरिने बताए ।

व्यवस्थित आप्रवासनको माध्यमबाट मुलुकले विकास र समृद्धि हासिल गर्ने बताउँदै मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको अर्थतन्त्रलाई चलायमान बनाई गरिबी घटाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको जिकिर गरे ।

आर्थिक वर्ष २०५०/०५१ देखि २०७७/०७८ सम्म नेपालबाट ५६ लाख ६४ हजार श्रमिक वैदेशिक रोजगारीमा गएका छन् । उनीहरूले पठाएको विप्रेषणले नेपालको अर्थतन्त्रमा ठुलो योगदान गरेको छ ।

मन्त्री श्रेष्ठले आप्रवासी नेपाली कामदारसहित विभिन्न मुलुकबाट नेपालमा काम गर्न आउने कामदारको संख्या पनि क्रमशः वृद्धि हुँदै गएकोले उनीहरुको हकहितको रक्षाका लागि समेत ध्यान दिनुपर्ने अवस्था रहेको बताए ।

### वैदेशिक रोजगार विशेष

## मर्यादित वैदेशिक रोजगारीमा जिफन्टको जोड

काठमाडौं/रासस- नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)ले वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सरकारसँग अनुरोध गरेको छ। अन्तरराष्ट्रिय आप्रवासी श्रमिक दिवस २०२१ को सन्दर्भ पारेर शुक्रबार राजधानीमा आयोजित कार्यक्रममा जिफन्ट अध्यक्ष विनोद श्रेष्ठले वैदेशिक रोजगारका क्षेत्रमा देखिएको वेथिति अन्त्यका लागि प्रभावकारी कदम चाल्न आग्रह गरे ।

वैदेशिक रोजगारीमा रहेका अधिकांश श्रमिकको अवस्था दयनीय रहेको, श्रमिकले तोकिएको सेवासुविधा नपाएको, कार्यस्थल परिवर्तनको अधिकारलाई प्रत्याभूत नगराइएको उल्लेख गर्दै उनले वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन विद्यमान ऐन कानूनको प्रभावकारी कार्यान्वयन गर्न सुझाव दिए ।

अध्यक्ष श्रेष्ठले वैदेशिक रोजगारीमा हुने ठगी रोक्नुपर्ने, प्रतिबन्धित कार्य गर्ने म्यानपावर कम्पनीको अनुगमन गर्नुपर्ने तथा वैदेशिक रोजगारमा रहेका श्रमिकका हकहितमा ध्यान दिन सरकारसँग आग्रह गरे। सीपयुक्त जनशक्तिमात्र वैदेशिक रोजगारीमा पठाउनुपर्नेमा जोड दिँदै उनले विदेशबाट फर्केका श्रमिकको सीप र पूँजीको प्रयोग गरी उनीहरुलाई स्वदेशमै उद्यमशील बनाउनुपर्ने बताए । अझै पनि वैदेशिक रोजगारीमा

– बाँकी पृष्ठ २ मा

# असन्तुष्टि नसुन्ने ओली



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २ पुस ।

नेकपा एमालेले नेताहरुको वरियता निर्धारण र कार्यविभाजन गरेको अन्तर पार्टी निर्देशिका (अपानि) शुक्रबार मातहतको कमिटीमा पठाएको छ । केन्द्रीय सदस्यहरुको कार्यविभाजन समेत भएकाले पार्टी कमिटी र नेताहरुलाई अपानि-१ पठाइएको महासचिव शंकर पोखरेलले बताएका छन् ।

अपानिले स्थायी कमिटी र पोलिटब्यूरो गठनको निर्णय पनि पठाएको छ । तर २५-२६ मंसिरमा भक्तपुरका गठ्ठाघरमा सकिएको केन्द्रीय कमिटी बैठकले गरेको निर्णयप्रति नेताहरुको असन्तुष्टि सुनुवाइ नगरी अपानि जारी भएको छ । ४५ सदस्यीय स्थायी कमिटीमा नवौं महाधिवेशनमै पोलिटब्यूरो सदस्य रहेकाहरुलाई नसमेटी नयाँ ल्याइएको भन्दै असन्तुष्टि देखिएको थियो । नवौं महाधिवेशनकै पोलिटब्यूरो सदस्य अरुण नेपाल, थममाया थापा लगायतले आफूहरु अन्यायमा परेको बताएका थिए ।

केन्द्रीय सदस्य निरज आचार्यले आफूलाई जाजरकोटको सहइन्चार्ज बनाएको भन्दै लिखित असन्तुष्टि जनाएका थिए । तर आचार्यको असन्तुष्टि नसुनी उल्टै सहइन्चार्ज पनि हटाएर कार्यविभाजन गरिएको छ । मुख्यगरी १० बुँदे गरी एमालेमै बसेका नेताहरुलाई भूमिका दिइएको छैन । "भूगोलसँग नजोडिने जिम्मेवारी दिएर अन्याय गरिएको छ", एक नेता भन्छन् । १० बुँदे गरी आएका झपड रावलले भूगोलको जिम्मेवारी मागेका थिए । तर उनलाई खानेपानी तथा सरसफाइ विभागको इन्चार्ज बनाइएको छ भने घनश्याम भूसाल निकट नेता उषाकिरण तिम्सेनालाई यो विभागको सहइन्चार्जको जिम्मेवारी दिइएको छ ।

समूहभित्रै पनि फरक मत राख्न खोज्ने नेताहरुलाई कमजोर भूमिका दिइएको छ । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) हुँदाको महासचिव र एमालेको नवौं महाधिवेशनबाट निर्वाचित उपमहासचिव विष्णुप्रसाद पौडेललाई अनुगमन विभागको प्रमुख बनाइएको छ । ओलीले आफू निकट नेता खगराज अधिकारीलाई संगठन विभाग

– बाँकी पृष्ठ २ मा

# पर्यटकको पखाईमा पश्चिम नवलपरासी



■ रेशम अधिकारी, नवलपरासी

जाडो महिना घुमघामको सिजनभन्दा पनि हुन्छ । यो समयमा विभिन्न स्कुल, कलेज, गाउँ शहरमा समूह बनाई वा परिवारिक घुमफिर गर्ने प्रचलन बढ्दो छ । अझ वनभोजको लागि त यो मौसम निर्विकल्प नै हो । पछिल्लो समय नेपालीहरुमा पनि घुम्ने क्रम बढेको छ । जसका कारण कोभिडले थलिएको पर्यटक उद्योगले राहत महसुस गर्दैछ ।

नेपालको लुम्बिनी प्रदेशअन्तर्गत पर्ने १२ वटा जिल्ला मध्येको एक हो नवलपरासी । नेपालको संविधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी बर्दघाट सुस्ता पश्चिम र नवलपरासी बर्दघाट सुस्ता पूर्व नामाकरण भै छुट्टाछुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिम २०७४ देखि जिल्ला प्रशासन कार्यालय नवलपरासी बर्दघाट सुस्ता पश्चिमको नामबाट कार्यालय सञ्चालनमा आएको छ । करिब ६३४.८८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस जिल्लाको पूर्वमा नवलपुर, पश्चिममा रूपन्देही, उत्तरमा पाल्पा र तनहुँ जिल्ला र दक्षिणमा मित्रराष्ट्र भारतको उत्तर प्रदेश र बिहार प्रान्त पर्दछ ।

यहाँ पश्चिम नवलपरासीका सुन्दर, ऐतिहासिक र रमणीय पर्यटकीय गन्तव्यबारे केही बताउने प्रयास गरिएको छ ।

## यी हुन् घुम्नै पर्ने ठाउँ

### ■ देवदह ताल

नवलपरासीका पर्यटकीय स्थलमध्ये सुनवल नगरपालिका ७, तर्गौलीस्थित देवदह ताल घुम्नै पर्ने स्थान हो । पूर्वपश्चिम राजमार्गअन्तर्गत सुनवल नगरपालिकाको ज्यामिरेबाट चार किलोमिटर दक्षिण तर्गौलीमा रहेको यो ताल क्षेत्रमा ऐतिहासिक साम्यमाई मन्दिर, बौद्ध गुम्बासहितको हरियाली र रमणीय वातावरण रहेको छ । कोलीय गण राज्यभित्र पर्ने देवदह ताल तरगौलीमा गौतमबुद्धकी आमा मायादेवीले स्नान गरेको तथा सो क्षेत्रमा मायादेवीकी माइली बैनी साम्यमाईको परिवार बसोबास गर्ने सुन्दर राजमहल रहेको 'बुद्धस्य जीवनमा वृत्तान्त' नामक ग्रन्थमा उल्लेख भएको पाइन्छ ।

२५१० वर्ष पहिलाको बुद्धस्य जीवन वृत्तान्त नामक ग्रन्थमा उल्लेख भएअनुसार बुद्धको विवाहपश्चात् श्रीमती भागेर माइत गएपछि खोजीका लागि बुद्ध मावली आउँदा आफ्नो श्रीमतीलाई नभेटेपछि विरक्तिएर सिकार खेल्न कमल पोखरी अर्थात् देवदह ताल तरगौलीमा आइपुगे । आफ्नो साथमा भएको धनुवाणले चारो लिन आएको राजहंसलाई मार्न खोज्दा राजहंसले प्रार्थना गरी मलाई मात्र होइन मेरा छोराछोरीहरूलाई सबैलाई मार भनेपछि बुद्धको ज्ञान खुल्यो र महात्मा बन्न प्रेरणा पुग्यो ।

उनको साथमा रहेका हतियारहरू सोही ठाउँमा फ्याके र तालको पूर्वपट्टिको पकडी रूखमुनि सात दिनसम्म तपस्या गरेका हुन् भन्ने किम्बदन्ती पाइन्छ । गौतमबुद्धका आमाहरु तीन बहिनी रहेको र मायादेवीकी माहिली बहिनी साम्यमाई यसै तरगौली गाउँमा बसोबास गरेको हुदाँ उनलाई साम्यमाई भनिएको हो । शास्त्रका अनुसार यस ऐतिहासिक साम्यमाई मन्दिरको चारै तिर महलहरु थिए ।

### ■ बैरागनाथ मन्दिर

ऐतिहासिक पृष्ठभूमि र पुरानो शिव लिङ्गसमेत रहेको यो मन्दिर सुनवल नगरपालिका पूर्वपश्चिम राजमार्गको ज्यामिरे चोकबाट बौद्धमार्ग हुँदै करिब ७ कि.मि. दक्षिणतर्फ रहेको छ ।

पहिले माटो र टुक्रा इँटाले बनेको पुरानो (जिर्ण) मन्दिरको ठाउँमा हाल सुनवल नगरपालिकाको सहयोगमा बनेको विशाल एवं काष्ठकलाको समायोजन रहेको मन्दिरसमेत देख्न सकिन्छ । धेरै वर्ष पहिले उत्तर तर्फका सेन राज्य मध्येका एक राजा बैरागिएर सो स्थानमा आई पुजा-आजा गरि भगवानमा समर्पित हुँदा सन्तोष प्राप्त गरेकाले उक्त मन्दिरको नाम बैरागनाथ रहेको स्थानीय बताउँछन् ।

### ■ विश्वकै अग्लो कृष्ण मुर्ति

विश्वकै सबैभन्दा अग्लो र नेपालकै ठुलो कृष्ण मुर्ति रहेको भनि दाबि गरिएको कृष्णको दामोदर स्वरुपमा ७१ फिटको मुर्ति पश्चिम नवलपरासीको सुनवल नगरपालिकाको वडा ४ रमवापुर पूर्व पश्चिम राजमार्गको नजिकै रहेको छ ।

करिब एक करोड ८ लाख रुपैयाँमा निर्माण सम्पन्न भएको उक्त मुर्तिले सुनवल नगरको गौरव बढेको र यसलाई धार्मिक मात्र होईन पर्यटकीय क्षेत्रको रुपमा विकास गरेको छ। यो विशाल मुर्ती राजमार्गसँगै जोडिएर कृष्ण मन्दिरमा निर्माण गरिएको छ । पूर्वपश्चिम लोक राजमार्गकै आडमा पर्ने स्थानमा बनेको सो मुर्तिले राजमार्गमा हिड्ने यात्रुहरुलाई अवलोकनसँगै फोटो खिच्न, टिकटक बनाउन आकर्षित गरेको छ । मुर्ति निर्माणका लागि वि.सं. २०७१ मंसिर २३ देखि पौष ३ गतेसम्म श्रीमद्भभागवत् महायज्ञसंचालन गरिएको थियो ।

### ■ बुद्धअस्तु नझिकिएको रामग्राम स्तूप

विश्वकै एक मात्र यस्तो स्तुप जहाँ अहिलेसम्म भगवान बुद्धको अस्थिधातु अविछिन्न रुपमा राखिएको छ र ऐतिहासिक वंशावलीलाई विश्वास गर्ने हो भने भगवान बुद्धको परिनिर्वाण पछि राखिएको उहाँको अस्थिधातु अहिलेसम्म कसैले चलाउनसमेत सकेको छैन । बौद्ध ग्रन्थअनुसार गौतमबुद्धको महापरिनिर्वाणपछि विभिन्न आठ स्थानमा अष्टधातु राखिएको थियो । जसमध्येको एक रामग्राम हो । रामग्रामका तत्कालीन राजाले बनाएको यो स्तुप हेर्न वर्षेनी हजारौं पर्यटक जाने गरेका छन् ।

### ■ बर्दगोरियाधाम

आध्यात्मिक सुखको अनुभूति गराउने यो ठाउँ पश्चिम नवलपरासीको सुनवल नगरपालिका वडा नं ११ केरावानीमा अवस्थित छ । शिवभक्त नन्दीकेश्वरको तपोभूमिको रुपमा परिचित यो धामको दाहिनेतर्फ पानभार नदी र बाँयातर्फ भूमही नदी बग्छन् ।

नेपाली नारीहरुको महान् पर्व हरितालिका तीजको दिन त यहाँ पश्चिम नेपालकै सबैभन्दा ठूलो मेला लाग्ने गर्दछ । तीजको दिन एकदिन मात्र लाग्ने उक्त मेलामा भारतको देहरादून, लखनउ, कानपुर, विहारदेखि दक्षिणी भारतसम्मका लाखौं भक्तजन यो स्थानमा मेला भर्न आउँछन ।

यहाँका प्रस्तर मूर्ति र चक्र बाल्मीकि आश्रम र सुर्खेतको काँक्रेविहारको कलात्मक ढाँचासँग मिल्दोजुल्दो रहेको समितिले जनाएको छ । यो ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थललाई धार्मिक पर्यटनको केन्द्र बनाउन यहाँ लामो समयदेखि प्रयास हुँदै आएको छ ।

विसं २०६९ मङ्सिर २० देखि पुस ५ गतेसम्म ब्रह्माण्डीय सनातन धर्म महासभा नेपालले महारुद्र एवं पञ्चदेव धान्याञ्चल विराट ज्ञान महायज्ञ साथै ११ हजार १११ कन्या पूजनसहित यज्ञ सम्पन्न गरेको थियो ।

### ■ महल पोखरी

बिहानीको सूर्योदयसगैं उत्तरमा मनमोहक हिमाली दृश्य र दक्षिणमा समथर तराईको फाँटको अवलोकन गर्न सकिने यो पोखरी पूर्वपश्चिम राजमार्गको सुनवल चोक देखि १२ किलोमिटर उत्तरमा सुनवल नगरपालिकाको वार्ड नम्बर ४ चुरे पहाडको उच्च भागमा रहेको छ । पाल्पाका राजा मुकुन्दसेन (द्धितिय)ले यहाँ महल (दरबार) निर्माण गरी पोखरी बनाएकोले यो ठाउको नाम महलपोखरी रहेको इतिहास विद्ले बताउछन् । यसै पोखरीका कारण यस क्षेत्रको नाम महलपोखरी रहन गएको स्थानीय बताउछन् ।

दरबार भत्किएकाले अहिले सानो मन्दिरमात्रै रहेको छ । सत्यवती देवीको पुजाआजा गर्न पाल्पाली राजा मुकुन्दसेन आउने र पछि त्यही स्थानमा महल नै बनाए पछि यस स्थानको नाम महलपोखरी रहन गएको भनाई रहेको छ । पाल्पाली राजाले बनाएको भवन नरहेको भए पनि महलपोखरीको सबैभन्दा अग्लो भागमा बनाइएको सत्यवती देवीको मन्दिर अहिले पनि छ ।

### ■ बालपुरी मठधुनी मन्दिर

प्राचीन समयदेखि नै निरन्तर बलिरहेको अखण्ड धुनी र खुर्सानीको हवन हुने बालपुरी मन्दिर पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-१ छिवनीमा रहेको छ । बालपुरी मठधुनी बालपुरी कुटीको रूपमा परिचित यहाँको दर्शन तथा पूजाअर्चना गर्नाले मनोकांक्षा पूरा हुने गरेको धार्मिक विश्वास छ । यो स्थल बाबा बालपुरी स्वामीले तपस्या गरेको तपोभूमि पनि हो । नेपाल र भारतका विभिन्न ठाउँबाट गरी यहाँ वार्षिक हजारौं भक्तजनको भीड लाग्ने गर्दछ । साउनमा जलापर्ण गर्न यहाँ ठूलो भीड लाग्छ । यसबाहेक पनि शिवरात्रि, कृष्णाअष्टमी, तीजलगायत चाडमा भक्तजनको घुइँचो लाग्ने गरेको स्थानीय बताउछन् ।

### ■ पाल्ही भगवती मन्दिर

नवलपरासी जिल्लाको सदरमुकाम परासीदेखि आठ किमी परासी महेशपुर मार्गको दायाँ भागमा रहेको यो मन्दिर तत्कालीन राजा पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्नुअघि पाल्पाका सेनवंशी राजाहरुको अधिनमा रहेको यो मन्दिरमा सेनवंशी राजपरम्पराकी कुलदेवी पाल्ही भगवतीको स्थापना भएको हो । सेनवंशी राजाको पाल्हीमा दरबार रहेको र दरबारभित्र पुजिने इष्टदेवीका रुपमा पाल्ही भगवती रहेकी थिइन् । सेनवंशी शासनकालमा रतन सेनले आफ्नो दरबारमा पाल्ही भगवतीको पूजा गर्दै आएको पाइन्छ ।

### ■ पण्डितपुर

पश्चिम नवलपरासीको रामग्राम नगरपालिका वडा नं. १८ अवस्थित पण्डितपुर पुरातत्वविद्हरुले पण्डितपुर नै बुद्धको मावली भएको प्रमाणीतसमेत गरिसकेका छन् । पुरातत्वविदको टोलीले कोलिय गणराज्यको राजधानी तथा बुद्धको मावली पण्डितपुर नै भएको पुरातात्विक वस्तु सो स्थानको उत्खनन्को क्रममा फेला पारेको थियो ।

वि.सं. २०५६ सालमा अनुमान गरिएको पुरातात्विक क्षेत्र चौथो पटकको उत्खननले कोलिय गणराज्यको राजधानी प्रमाणित गरिसकेको छ । वि.सं.२०५५ सालतिर पण्डितपुर एक स्थानीयले त्यहाँ मुर्ति भेट्टाएर त्यहि गाउँको पण्डितलाई पुजा गर्न दिएका थिए । केही समयमा पछि सो मुर्ति पुरातात्वीक विभागले मुर्ति मौर्यकालको बुद्धको मुर्ति रहेको भन्दै लगेको थियो । पण्डितपुरमा दुई वटा टापु रहेको छ । एउटा टापु ८०० मिटर, पुरानो कुलोको पारी पट्टी रहेको छ भने ५०० मिटरको अर्को टापु महाव नदीको वारी रहेको छ । यहाँको उत्खनन् वि.सं.२०५९ सालदेखि सुरु भएपछि लुम्बिनी विकास कोषले यहाँ ३ फिटभन्दा तल खन्न दिएको छैन भने घर पनि बनाउन दिएको छैन ।

करिब एक सय ३४ विगाहा क्षेत्रफलमा फैलिएको ऐतिहासिक नन्दन ताल नवलपरासीको पाल्हीनन्दन गाउँपालिकामा ६ रहेको छ । विश्व सम्पदा सूचीमा समेत सूचीकृत हुने प्रक्रियामा रहेको नन्दन ताल अहिले सीमित पोखरीमा मात्र परिणत भएको छ । २० वर्ष अगाडी ऐतिहासिक नन्दन ताल जिल्लाको ठुलो तालको रुपमा चिरपरिचित थियो । तालमा विभिन्न देशका चराचुरुङ्गी, फुलविरुवा, विभिन्न प्रजातिका माछा र पानीमा पाउने जनावरहरु पाउने गरिन्थ्यो ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६६/०७/१८ मा दर्ता भएको **प्रा.लि. नं. ६७३१२** को **पब्लिक कमर्सियल इन्भेष्टमेन्ट ग्रुप प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउं भनि यस कार्यालयमा निवेदन पेश गरेको हुंदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०७८/०९/०३**

**फ्युचर स्किल्स एच. आर. कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं.: १६६८५१)** को मिति २०७८/०५/०८ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एपेक्स एच. आर. कन्सल्टेन्सी प्रा.लि.** कायम गर्ने गरी मिति २०७८/०८/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०९/०३

यस कम्पनीको मिति २०७७/११/१९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **वेज क्रियटिभ प्रा.लि. (प्रा.लि. नं. ११२७४६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१२/०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **वेज कन्सल्टिङ प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०९/०३

यस कम्पनीको मिति २०७८/०८/२५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ए.बि.सि.ई. बाल स्कुल प्रा.लि. (प्रा.लि. नं. ११०७९६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०८/२९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ज्ञानमाला बिजयबस्ती एकेडेमी पर्सा प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०१/१६ मा दर्ता भएको **प्रा.लि. नं. १८८४९०** को **चरक डायग्नोष्टिक ल्याब प्रा.लि.** को मिति २०७८/०९/०२ मा सम्पन्न एकल शेयरधनिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसंग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल :** rokayasherbahadur723@gmail.com

**कतारमा रोजगारको अवसर** | कम्पनी : AL JAZIRA BUILDING & CONSTRUCTION
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०९/०१ चलानी नं.: ६०१७०७२० LT. No.: 253927

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४०,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1700 | ५६,६९५ | | | | | | | |
| 3. | Heavy Vehicle Driver | 2 | 0 | | 1900 | ६३,३६५ | | | | | | | |
| 4. | Labourer | 3 | 0 | | 1000 | ३३,३५० | | | | | | | |
| 5. | Mason | 5 | 0 | | 1200 | ४०,०२० | | | | | | | |
| 6. | Plumber | 1 | 0 | | 1200 | ४०,०२० | | | | | | | |
| 7. | Tile Maker | 1 | 0 | | 1200 | ४०,०२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १० गते (25 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Growth Process International Employment Pvt. Ltd.**
P.O.Box No.: 12839, Basundhara-3, Kathmandu, Nepal, Phone No.: 4383347, Fax: 4383347
Mob.: 9849476159, 9851146986, 9808932656, 9823862551,9851095260
Email : growth_processintl@yahoo.com, Web. : www.growthprocessintl.com
श्रम ईजाजत पत्र नं. ५१८/०६१/०६२

**साउदीमा रोजगार** | १. कम्पनी: Ali Muhammed Suleiman Al-Adhaibi Corporation for Goods Transport
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०६९४ L.T. No.: 253412

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५८,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: AL ARAQA FACTORY FOR PLASTIC PRODUCT शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०६९३ L.T. No.: 253752

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३२,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: GHAZLAN AL NARGES COMPANY LIMITED IS A ONE PERSON COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०६९२ L.T. No.: 253255

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५८,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस १० देखि १८ गते सम्म (25 Dec to 2 Jan. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683 Chitwan Contact Number: 9855058369
9824204060, E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

**कतारमा रोजगारको अवसर** | कम्पनी : MAY AND WAY TRADING
शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७४५ LT. No.: 254164

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४३,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Executive Sales | 0 | 1 | | 2100 | ७०,०३५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष १० गते (25 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fine Job Recruitment Pvt.Ltd.**
P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722
Mob.: 9801061512, 9841876087
Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np
श्रम इजाजत नं. ११८०/०७३/७४

**SAUDI ARABIA र ROMANIA मा रोजगारको अवसर**

१. कम्पनी : DAVA AGRICULTURE COMPANY शहर : DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०९/०२ चलानी नं.: ६०१७०७३३ LT. No.: 253882

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 12 | 0 | स. काममा दक्ष | 1000 | ३२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी : ANDVIS IMOB SRL शहर : DAMMAM
पूर्व स्वीकृत मिति: २०७८/०५/०८ चलानी नं.: ६०१६२०८९ LT. No.: 244241

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 5 | सम्बन्धित काममा दक्ष | 550 | ६६,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Constrution Worker | 40 | 0 | | 650 | ७८,९३६ | | | | | | | |
| 3. | Cook | 10 | 0 | | 650 | ७८,९३६ | | | | | | | |
| 4. | Kitchen Helper | 10 | 0 | | 550 | ६६,७९२ | | | | | | | |
| 5. | Spa Therapist | 0 | 10 | | 650 | ७८,९३६ | | | | | | | |
| 6. | Wall Painter | 40 | 0 | | 650 | ७८,९३६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पौष १० गते (25 December 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**The Global Recruitment Agency Pvt.Ltd.**
बसुन्धारा -१०, टोखा नगरपालिका काठमाडौं, नेपाल, फोन: ०१-४३६५२६४, ४३६५९८३, मो.: ९८६५०७३२१२
Email: document.tgra@gmail.com,
Govt. Lic. No.: 1253/074/075

